**अपिहिमाल गाउँपालिकाको गाउँ सभाको बैठकमा सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री रबिन्द्र सिंह बोहराले प्रस्तुत गर्नु भएको**

# करार कर्मचारीहरूको म्याद थप सम्बन्धी प्रतिवेदन

स्थानीय सरकार

अपिहिमाल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खण्डेश्वरी, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८०

## परिच्छेद-१

## परिचय

### १.१ पृष्ठभूमी

२०७२ असोज ३ गते जारी भएको नेपालको संविधानले नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेर तीनै तहले राज्य शक्तिको प्रयोग गर्न सक्ने व्यवस्था गरेको छ । राज्य शक्तिलाई शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम सरकारका तीन अंग कार्यपालिका, व्यवस्थापिका, र न्यायपालिकाले प्रयोग गर्ने गरी परिभाषित पनि गरिएको छ । एकात्मक शासन व्यवस्थाको सिंगो राज्य शक्तिलाई तीन तहका सरकारहरुमा विभाजन गरिनुलाई शासन व्यवस्थामा आएको ठुलो परिवर्तनका रुपमा लिनु पर्दछ । संविधानको भाग ५ मा राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी व्यवस्था गरिएको छ । संविधानको धारा ५७ मा राज्य शक्तिको बाँडफाँड संग सम्बन्धित छ । जस अनसार स्थानीय तहमा बाइस वटा एकल अधिकार छन भने संघ, प्रदेश र स्थानीय तहका पन्ध्रवटा साझा अधिकार रहेका छन् । स्थानीय तहले एकल र साझा अधिकारको प्रयोग गर्दा संघीय र प्रदेश  कानून सँग नवाझिने गरी कानून निर्माण गर्नुपर्ने व्यवस्था संविधानमा गरिएको छ ।

नेपालको संविधानको धारा २८५ को उपधारा (३) प्रदेश मन्त्रिपरिषद, गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आफ्नो प्रशासन संचालन गर्न आवश्यकता अनुसार कानून बमोजिम विभिन्न सरकारी सेवाको गठन र संचलान गर्न सक्नेछन भन्ने व्यवस्था गरिएको छ भने संविधानको अनुसूची- ८ को ५ नं.मा स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी संवैधानिक व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को (ङ) मा स्थानीय सेवाको व्यवस्थापन र सोही ऐनको परिच्छेद-११ दफा ८३ को उपदफा (७) मा गाउँपालिका तथा नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्नेछ भन्ने व्यवस्था गरिएको छ । स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ को दफा १४ मा करारमा कर्मचारी राख्न सक्ने कानुनी व्यवस्था अनुरुप गाउँपालिकाको सेवा प्रवाह तथा विकास निर्माणका कार्य सम्पादन गर्न र स्थायी कर्मचारी पूर्ति हुन नसकेको सन्दर्भमा करार सेवामा कर्मचारी भर्ना गरी गाउँपालिकाको प्रशासनिक कार्य सम्पादन हुँदै आएको ।

### १.२ उद्देश्य

(क) गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी वनाई सेवा प्रवाह छिटो छरितो बनाउनु,

(ख) संघीय सरकार, प्रदेश सरकार र गाउँपालिका सरकारको नीतिगत तथा कानूनी व्यवस्थाको कार्यान्वयन गर्नु,

(ग) गाउँपालिकाको लागि आवश्यक पर्ने विशिष्टिकृत सेवा प्रवाहमा भएको जनशक्तिको कमीलाई परिपूर्ति गर्नु,

(घ) स्थायी कर्मचारीहरुको पदपूर्ति हनु नसक्दा गाउँपालिकाको सेवा प्रवाहमा परेको असरलाई न्युनिकरण गर्न,

(ङ) गाउँपालिकाको विकास निर्माणका कार्यहरुलाई प्रभावकारी रुपमा संचालन गर्नु,

(च) समग्रमा कर्मचारीहरुको अभावलाई परिपूर्ति गर्नु ।

## १.३ संवैधानिक तथा कानुनी व्यवस्था

(क) नेपालको संविधानको धारा २८५ को उपधारा (३)

(ख) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ङ), परिच्छेद- ११,

(ग) स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ को दफा १४

(घ) करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मूल्यांकन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८

(ङ) अपिहिमाल गाउँपालिकाको करार सेवामा प्राविधिक कर्मचारी भर्ना गर्ने सम्बन्धी कार्यविधि, २०८०

(च) स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९

(छ) रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५

(ज) स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८

(झ) पंजिकरण सेवा इकाईको लागि जनशक्ति छनौट सम्बन्धि मापदण्ड,२०७६

(ञ) सूचना प्रविधि अधिकृत, पि.एल.जि.एस.पी कार्यक्रम ।

## १.४ सेवा अवधि सम्बन्धी व्यवस्था

करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप गर्न गाउँ सभाबाट प्रस्ताव पारित गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मूल्याकंन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धि मापदण्ड, २०७८ को दफा ८ मा करार सेवामा कार्यरत कर्मचारीहरुले पुस ७ गते भित्र प्रथम पाँच महिनाको र असार ७ गते भित्र बाँकी वधिको कार्य सम्पादनस्तरको मूल्याकंन फाराम दुइ/दृइ प्रति भरी सुपरिवेक्षक समक्ष पेश गर्नुपर्ने व्यवस्था गरिएको छ । यसरी पेश गरिएको कार्यसम्दानको सुपरिवेक्षक, पुनरावलोकन कर्ता र पुनरावलोकन समितिले मुल्याकंन गरीसके पश्चात सन्तोषजनक कार्य सम्पादन भएका कर्मचारीहरुको दफा १४ बमोजिम कार्यालय प्रमुखले म्याद थप गर्ने सक्ने व्यवस्था रहेको छ भने दफा १३ बमोजिम निम्नानुसार नभएमा नयाँ अवधिका लागि करार सम्झौता गरिने छैन ।

(क) कार्य सम्पादन स्तरको मुल्याकंनका ८० प्रतिशत भन्दा कम अंक प्राप्त गरेमा,

(ख) कार्य सम्दान स्तरको मूल्याकंनका लागि तोकिएको ढाँचाको फाराम भरी तोकिएको समय सीमा

(ग) भित्र तोकिएको पदाधिकारी समक्ष पेश नगरेमा,

(घ) निज कार्यरत दरवन्दीमा स्थायी कर्मचारी सरुवा वा पद स्थापन भएमा,

सोही मापदण्डको दफा १५ मा प्रत्येक आर्थिक वर्षको पुस मसान्त र असार मसान्तमा कर्मचारीहरुको म्याद थप सम्बन्धी निर्णय गरिसक्नु पर्ने व्यवस्था गरिएको छ । यसै गरी मापदण्डको दफा १६ बमोजिम निम्न अवस्थामा ८० प्रतिशत वा सो भन्दा बढी अंक दिन नपाईने व्यवस्था रहेको छ ।

(क) मूल्याकंन अवधिमा विदा स्वीकृत नगराई तीन वा सो भन्दा बढी दिन कार्यालयमा अनुपस्थित भएमा ।

(ख) कार्यालयसँग सम्बन्धित गोप्य सूचनाको चुहावट गरेमा ।

(ग) विनाजानकारी एक महिनामा तीन दिन भन्दा बढी कार्यालय समय भन्दा ढिला कार्यालयमा उपस्थित भएमा ।

(घ) आज्ञापालन नगरेका कारणले कार्यालयको काम प्रभावित भएमा ।

(ङ) सरोकारवालाप्रति कर्मचारीले गरेको व्यवहारले कार्यालयको प्रतिष्ठामा आँच आएमा।

सोही मापदण्डको दफा १८ मा निम्नानुसारको अवस्थामा करार सेवाको कर्मचारीलाई जुनसुकै बेला हटाउन सकिने छ ।

(क) कार्यालय समयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

(ख) सरकारी सम्पत्तिको हानी नोक्सानी गरेको प्रमाणित भएमा,

(ग) कार्यालयका कर्मचारी र सेवाग्राही तथा सरोकारवाला सँग अभद्र व्यवहार गरेको प्रमाणित भएमा,

(घ) कुनै नैतिक पतन देखिने कार्य गरेको देखिएमा,

(ङ) अभद्र व्यवहार सम्बन्धी कसुरमा दोषी प्रमाणित भएमा ।

अपिहिमाल गाउँपालिकाको करार सेवामा प्राविधिक कर्मचारी भर्ने गर्ने सम्बन्धी कार्यविधि, २०८० को दफा ९ को उपदफा (५) मा करार सम्झौता गर्दा सामान्यतया आर्थिक वर्षको श्रावण १ गते देखि अर्को १ वर्षको असार मसान्त सम्मका लागि मात्र करार गर्नुपर्नेछ । तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्य नै प्रारम्भ नभएको अवस्थामा गाउँपालिकाले कामको बोझ र अवधि हेरी करार अवधि हटाउन सकिने र उपदफा (६) मा एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिनु परेमा म्याद थपमका लागि गाउँ सभामा प्रस्ताव पेश गर्नुपर्ने र गाउँ सभाले म्याद थपको प्रस्ताव पारित पछि कार्यालयले म्याद थप गर्न सक्ने कानुनी व्यवस्था रहेको छ।

## परिच्छेद-२

## जनशक्ति विवरण

### २.१ गाउँपालिकाको कार्यालय र मातहतका निकायमा हाल कार्यरत करार सेवाका कर्मचारीहरुको विवरण

(क) अधिकृत तह र सहायक तहः

| क्र.सं. | अधिकृत तहमा कार्यरत करार कर्मचारी संख्या | सहायक स्तरमा कार्यरत करार कर्मचारी संख्या | तह विहिन तहमा कार्यरत करार कर्मचारी संख्या | कैफियत |
|---|---|---|---|---|
| | ५ | ४१ | ३६ | |

(ख) शाखा र निकायगत कार्यरत कर्मचारीः

| क्र.स. | शाखा र निकाय | अधिकृत स्तर | सहायक स्तर | तह विहिन | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रशासन | ० | १ | २३ | |
| २ | योजना/पूर्वाधार | १ | ३ | ० | २ जना सब इन्जिनियर दरबन्दीमा |
| ३ | विपद् व्यवस्थापन | १ | ० | ० | |
| ४ | रोजगार सेवा केन्द्र | ० | ३ | ० | कार्यक्रम बाट त.भ. |
| ५ | पंजिकरण | ० | ३ | ० | ६ महिना कार्यक्रम बाट त.भ. |
| ६ | लघु उद्यम | ० | २ | ० | कार्यक्रम बाट त.भ. |
| ७ | शिक्षा युवा तथा खेलकुद | १ | १ | १ | कार्यालय सहयोगी शसर्त बाट त.भ. |
| ८ | वास इकाई | १ | ३ | ० | |
| ९ | स्वास्थ्य | ० | ० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | सूचना प्रविधि | १ | ० | ० | ६ महिना कार्यक्रम बाट |
| ११ | कृषि | १ | २ | ० | सशर्त र दरबन्दी बाट त.भ. |
| १२ | पशु | ० | २ | ० | १ जना दरबन्दी/ १ जना ६ महिना<br>सशर्त बाट त.भ. |
| १३ | बहुक्षेत्रीय पोषण | ० | १ | ० | कार्यक्रम बाट त.भ. |
| १४ | १ नं. वडा कार्यालय | ० | ४ | १ | १ जना असइ दरबन्दीमा |
| १५ | २ नं. वडा कार्यालय | ० | ३ | ० | १ जना असइ दरबन्दीमा |
| १६ | ३ नं. वडा कार्यालय | ० | ३ | ० | |
| १७ | ४ नं. वडा कार्यालय | ० | ४ | ० | १ जना असइ दरबन्दीमा |
| १८ | ५ नं. वडा कार्यालय | ० | ४ | ० | १ जना असइ दरबन्दीमा |
| १९ | ६ नं. वडा कार्यालय | ० | ४ | ० | |
| २० | खण्डेश्वरी स्वास्थ्य चौकी | ० | ५ | २ | १ जना अहेव र १ जना ल्याव दरबन्दी |
| २१ | घुसा स्वास्थ्य चौकी | ० | ४ | २ | १ जना अहेव, १ जना अनमी, र १ जना<br>ल्याव दरबन्दीमा |
| २२ | सिति आधारभूत<br>स्वास्थ्य सेवा केन्द्र | ० | ३ | २ | १ जना अहेव दरबन्दीमा |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | पाथा आधारभूत स्वास्थ्य सेवा केन्द्र | ० | ३ | २ | १ जना अहेव दरबन्दीमा |
| २४ | शौगन्ना आधारभूत स्वास्थ्य सेवा केन्द्र | ० | २ | २ | १ जना अहेव दरबन्दीमा |
| २५ | धंकं आधारभूत स्वास्थ्य सेवा केन्द्र | ० | २ | २ | |

नोटः करार सेवा कर्मचारीहरुको विवरण अनुसूची १ मा व्यवस्था गरिएको छ ।

## २.२ <u>उपलवब्धीहरु</u>

- ❖ सेवा प्रवाहमा सहजता हुनु ।
- ❖ विकास निर्माणका कार्यहरु समय सिमा भित्र सम्पन्न हुनु ।
- ❖ योजना तथा कार्यक्रमहरुको Quality र Quantity प्राप्त हुनु ।
- ❖ सेवा ग्राहीहरुले छिटो छरितो रुपमा गुणस्तरिय सेवा प्राप्त गर्नु ।
- ❖ कार्यालय बाट मात्रै नभई शिविर तथा घर दैलो कार्यक्रम मार्फत सेवाग्राहीहरुले सेवा तथा परामर्श प्राप्त गर्नु ।
- ❖ कार्य सम्पादन मुल्याकंनमा सहयोग हुनु ।
- ❖ समय समयमा फिल्डमा खटिने हुँदा ग्रामीण क्षेत्रका सेवाग्राहीहरु लाई प्रत्यक्ष रुपमा सेवा दिन सक्नु ।

## २.३ <u>आर्थिक व्ययभार</u>

यस अपिहिमाल गाउँपालिका अन्तरगत रहेका शाखा, उपशाखा, वडा कार्यालय, स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य इकाई कार्यालयहरुमा कार्यरत नेपाल सरकार सर्शत शीर्षक बाट तलब भत्ता खाने करार कर्मचारीहरु बाहेक गाउँपालिका बाट तलब भत्ता खाने गरी शाखा, उपशाखा, वडा कार्यालय, स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य इकाई कार्यालयमा नियुक्त गरिएका अनुसूची-१ बमोजिमका ७४ जना कर्मचारीहरुको लागि बार्षिक रु.१,९३,६९,४७८/- (अक्षरुपी एक करोड त्रियानब्बे लाख उनासत्री हजार चार सय अठहत्तर

## परिच्छेद-३

## औचित्य, समस्या तथा चुनौती, सूझाव र निष्कर्ष

### ३.१ औचित्य र आवश्यकता

- गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाई सेवा प्रवाह छिटो छरितो बनाउन जनशक्ति आवश्यक हुनु,
- गाउँपालिकाको लागि आवश्यक पर्ने विशिष्टिकृत सेवा प्रवाहमा भएको जनशक्तिको कमीलाई परिपूर्ति गर्नु,
- स्थायी कर्मचारीहरुको पदपूर्ति हनु नसक्दा गाउँपालिकाको सेवा प्रवाहमा परेको असरलाई न्युनिकरण गर्नु,
- गाउँपालिकाको विकास निर्माणका कार्यहरुलाई प्रभावकारी रुपमा संचालन गर्नु,
- समग्रमा कर्मचारीहरुको अभावलाई परिपूर्ति गर्नु ।

### ३.२ समस्या तथा चुनौतीहरु

- करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मूल्याकंन कार्यविधिमा कार्य सम्पादन मूल्याकंनका आधारमा करार सेवा थप गर्ने हटाउने व्यवस्था हुँदाहुदै ३/३ महिनै पिच्छे थप्ने हटाउने गर्नाले करार कर्मचारीहरुको काम गर्ने मनोवल घट्दै जानु ।
- विभिन्न किसिमका क्षमता विकास सम्वन्धी प्राविधिक/अप्राविधिक तालिम पाएका करार सेवामा कार्यरत कर्मचारीहरु लाई हटाई नयाँ नियुक्त गर्दा नव नियुक्त कर्मचारीहरुका लागि क्षमता विकास सम्वन्धी तालिमको लागि थप आर्थिक व्यय भार बढ्ने ।
- विगत वर्षहरु बाट कामकाज गर्दै आईरहेका करार सेवामा कार्यरत कर्मचारीहरुलाई हटाई नयाँ नियुक्त गर्दा कार्यालय सञ्चालन, सेवा प्रवाह र विकास निर्माणका कार्यमा समस्या हुनु ।
- संघ, प्रदेश र स्थानीय तहको सेवाको स्वीकृत दरवन्दी अनुसार रित्त भएका दरबन्दी बाहेक पनि पालिकालाई आवश्यक भएका पदमा करार कर्मचारी भर्ना गर्दा तलब भत्ताका लागि स्रोतको सुनिश्चितता नहुनु ।

### ३.३ गाउँ सभाबाट हुनु पर्ने निर्णय

- आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि प्रचलित कानून बमोजिम करार सेवाका कर्मचारीहरूको कार्य सम्पादन गरी, कार्यसम्पादनमा सन्तोषजनक देखिएका कर्मचारीहरूको सेवा अवधि (म्याद) थप गर्ने प्रस्ताव पारित गर्नुपर्ने ।

## ३.४ निष्कर्ष

अपिहिमाल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय खण्डेश्वरी, दार्चुला बाट हाल सम्म प्रवाह भएका सेवा र सम्पन्न भएका विकास निर्माण लगायतका योजना तथा कार्यक्रमहरु प्रति सेवाग्राहीहरुको लिखित रुपमा गुनासो प्राप्त नभएको र स्थानीय तहको क्षमता स्व-मूल्यांकन (LISA), र FRA मा सन्तोषजनक नतिजा प्राप्त गर्दै आएको हुँदा करार सेवामा कार्यरत कर्मचारीहरुले पनि सन्तोषजनक रुपमा नै आ-आफ्नो जिम्मेवारी बहन गरेको महसुस गरिएको छ । यसै सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहको सेवाको स्वीकृत दरवन्दी अनुसार कर्मचारी पदपूर्ति नहुन्जेल सम्मका लागि हाल यस गाउँपालिका अन्तरगत रहेका शाखा/उपशाखा/वडा कार्यालय/स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकनका आधारमा म्याद थप गर्नुपर्ने अवस्था देखिन्छ ।

**प्रतिवेदक**
रबिन्द्र सिंह बोहरा
सुशासन तथा संस्थागत विकास
समिति संयोजक
अपिहिमाल गाउँपालिका